प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

पत्र संख्या :- ०७५/०७६
चलानी नं. :-

## निर्णयहरू
प्र.मं.प.बै.सं. २८।०७५

### २०७५ साल कार्तिक २५ गते आइतवारका दिन बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय :—

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/३९/२०७५-०७-२५ को आर्थिक वर्ष २०७५/०७६ को गण्डकी प्रदेश सरकारको वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश भएका कार्यविधि स्वीकृत गर्ने सम्बन्धी विषयको प्रस्ताव - " प्रस्तावमा लेखिए बमोजिम गर्ने। -"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/४०/२०७५-०७-२५ को चीनको हेनान प्रान्तको हेकु सिटीमा २३-२५ नोवेम्बर २०१८ मा हुने The 19th Hainan International Tourism Island Carnival कार्यक्रममा सहभागी हुने सरकारी टोली र कलाकार टोलीका लागि लाग्ने रकम उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले उपयुक्त शीर्षकबाट खर्च लेखी शोधभर्नाका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव - " प्रस्तावमा लेखिए बमोजिम गर्ने। -"

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/४१/२०७५-०७-२५ को मनाङ्ग जिल्लाको नार्पाभूमि गाउँपालिकाको वडा सिमाना र केन्द्र हेरफेर गर्न अनुरोध भई आएकोले उल्लेख भए बमोजिम वडा सिमाना र केन्द्र हेरफेरका लागि नेपाल सरकारमा सिफारिश गर्ने विषयको प्रस्ताव - " प्रस्तावमा लेखिए बमोजिम गर्ने ।-"

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/४२/२०७५-०७-२५ को मित्रराष्ट्र चीनको China Academy of Governance को आयोजनामा यही १६-२२ नोवेम्बरसम्म संचालन हुने Seminar on Capacity of Governance for Ministerial officials of Nepal in 2018 कार्यक्रममा सहभागिताका लागि प्रमुख सचिव श्री लक्ष्मीराम पौंडेलको मनोनयन स्वीकृत गर्ने सम्बन्धी विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने। -"

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

पत्र संख्या :- ०७५/०७६

चलानी नं. :-

## निर्णयहरू

प्र.मं.प.बै.सं. २८।०७५

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. ०१/४३/२०७५-०७-२५ को हाल नेपाल सरकारबाट व्यवस्थापन भई रहेको नेपालको ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वको गोरखा दरबार, मनकामना मन्दिर तथा गोरखा संग्रहालयको संरक्षण तथा दिगो विकास गरी प्रदेशको पर्यटन प्रवर्धनमा सहयोग पुऱ्याउन प्रदेश सरकारलाई व्यवस्थापनको जिम्मा दिन नेपाल सरकारमा अनुरोध गर्ने विषयको प्रस्ताव - " प्रस्तावमा लेखिए बमोजिम गर्ने।-"

६. आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. ०२/०९/२०७५-०७-२४ को गण्डकी प्रदेश, प्रदेश प्रहरी सम्बन्धी कानून निर्माण गर्न सैद्धान्तिक स्वीकृति दिने विषयको प्रस्ताव - "प्रस्तावमा लेखिए बमोजिम गर्ने ।-"